वारपाक सुलिकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ताकुकोट, गोरखा

गण्डकी प्रदेश, नेपाल ।
Website: www.Sulikotmun.gov.np
Email: barpaksulikotrm@gmail.com

प.सं.: ०७६/०७७

मिति: २०७६/०५/२०

च.नं. : १५३

श्री सबै सामुदायिक विद्यालयहरु
वारपाक सुलिकोट गाउँपालिका ।

**विषय : विद्यालय व्यवस्थापन समिति गठन सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस वारपाक सुलिकोट गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा यस अघि गठन भई क्रियाशील रहेको विद्यालय व्यवस्थापन समितिको पदावधि पूरा हुन लागेको र विद्यालय व्यवस्थापन समिति पुनर्गठन गरी विद्यालय सुधार योजना तयार गरी तत्काल कार्यान्वयनमा जानु पर्ने भएकोले स्थानीय शिक्षा ऐन २०७४ वमोजिम मिति २०७६/०७/२२ सम्म विद्यालय व्यवस्थापन समिति गठन गरी यस कार्यालयमा जानकारी दिनुहुन मिति २०७६/०५/०९ को गाउँ शिक्षा समितिको निर्णयानुसार अनुरोध छ ।

**पुनश्च** : विद्यालय व्यवस्थापन समिति गठन सम्वन्धी दफा यसै साथ संलग्न गरिएको छ ।

१९. विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेका एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) समितिका सदस्यहरुले (ख), (घ) र (ङ) मध्येवाट छानेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकले आफूहरुमध्येवाट छानी पठाएका कम्तीमा दुई जना महिला सहित चार जना - सदस्य

(ग) विद्यालय रहेको सम्वन्धित वडाका जनप्रतिनिधिहरु मध्येवाट सो वडासमितिले मनोनयन गरेको एक जना - सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, चन्दादाता व्यक्तिहरु मध्येवाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना - सदस्य

(ङ) स्थानीय शिक्षाप्रेमी मध्येवाट गाउँशिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(च) शिक्षक प्रतिनिधि एक जना - सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

**पुनश्चः** वालक्लवहरुको तर्फवाट १ जना वालक वा वालिकालाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ ।

ईश्वरी प्रसाद पनेरु
नि.प्रमुख प्रशासकीय अधिकृत
**नि. प्रमुख प्रशासकिय अधिक**

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"